# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं आश्विन १ गते ०८ साल [ संख्या ७

## भाग ५

## श्री परीक्षानियन्त्रक आफिस सरस्वतीसदनबाट प्रकाश भएको सूचना

संवत् २००८ सालमा हुने वार्षिक प्रवेशिका परीक्षा ( यस्. यल्. सी.) संवत् २००८ साल फाल्गुण ८ गते बुधवारदेखि शनिवार र अरू उनाउ विदाको दिनबाहेक सरासर चालु हुने भएको छ।

प्रत्येक स्कूलमा भएको टर्मिनल परीक्षाको परीक्षाफलबमोजिम रेगुलर छात्रको आवेदन पत्र, गत सालको परीक्षामा अनुत्तीर्ण भएका छात्र, जो टेस्ट परीक्षामा एग्जेम्पटेड भएका र प्राइभेट छात्रहरूको आवेदन पत्र, प्रत्येक आवेदन-पत्रमा लाग्ने शुल्क मोहरू १५। रुपैयाँसाथ आवेदनपत्र ८ गते पौष २००८ साल अगाडि नै श्रीपरीक्षानियन्त्रक आफिस, सरस्वतीसदनमा पुग्नु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टर्मिनल परीक्षाको परीक्षाफलबमोजिम, परीक्षामा हाजिर हुन पाउने भएका छात्रहरुको पूरा नाम लेखिएको एक प्रति कामत प्रत्येक हाइस्कूलका प्रधानाध्यापक, प्र. अध्यापिका ( हेडमाष्टर ) हरुले आफ्नो आफ्नो स्कूल आफिसद्वारा परीक्षानियंत्रक आफिस सरस्वतीसदनमा पठाउनुपर्छ।

२००८ साल ( सन् १९५२ ) मा हुने परीक्षामा हाजिर हुन आउने छात्रहरुको आवेदनपत्र पौष ८ गते सम्म लिइने र त्यसदेखि पछि तीन दिनसंम प्रत्येक दर्खास्तको मोहरू २ शुल्क लाग्नेछ, त्यसदेखि पछि कुनै हालतमा पनि आवेदनपत्र स्वीकार हुनेछैन।

घुमाउनि पत्र संख्या ३.

काटमाडौं मिति १५।५।०८

परीक्षा—नियन्त्रक.

# परीक्षानियन्त्रक आफिसबाट प्रकाश भएका सूचना

नेपाल सरकार शिक्षाविभागबाट सालसालै खुल्ने वार्षिक प्रवेशिका परीक्षा ( यस् यल् सी. ) मा जाँच दिन पठाइएका नेपालराज्यभरका हाइस्कूलका दशम कक्षामा पढेका छात्रहरुकाबारे तपसीलमा मागेका विवरणहरु प्रत्येक हाइस्कूलका प्रधानाध्यापक, प्रधानध्यापिकाले खाली सदरमा सिपाही र तराई, पहाड, मधेशमा हुलाकद्वारा यस आफिसमा पुग्ने गरी तपसीलमै खुलेको म्यादभित्र प्रत्येक वर्ष अवश्य पठाउनुपर्छ। यो विवरण अध्यापक अध्यापिकाहरुले पठाउनुपर्ने किनभने, आफ्ना आफ्ना स्कूलबाट अंनदाजी कति छात्र परीक्षामा हाजिर हुने र तिनले परीक्षा दिने कुन कुन विषयहरू र ती विषयहरुको माध्य के हुन्, इत्यादि जान्नाको निमित्त हो यी विवरणहरुबाट हामीलाई धेरै कुराको मद्दत हुने हुनाले, पठाउनैपर्ने भनी जोर दिएको छ। महाशयहरुले तोकिएको म्यादभित्र नपठाई ढीलो गरी पठाउनुभयो भने जुन उद्देश्यले यो सूचना गर्नुपरे-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

को हो, त्यो बेकार हुने र पछि परीक्षाको समयमा छात्रहरुलाई नै बाधा पर्ने हुनजाने सम्भव हुनाले र यस आफिसको पनि त्यसो भएमा कुनै जवाफदेही गर्न नसक्ने हुनाले प्रार्थनासहित यो सूचना प्रकाश गरिएको छ। तैपनि यी विवरणहरू म्याद नघाई आएमा कुनै काम लिन सक्नेछैन। यस कुराको पूरा पूर ख्याल राखी काम भएमा सबै तरहबाट असल हुनेछ।

तपसील

( क ) यस्. यल्. सी. को सुधार नियमावली ( एमेण्डेड रेगुलेसन्स अनुसार छात्रहरुले परीक्षा दिने विषय विषयहरुको परीक्षा माध्यम, नेपाली, हिन्दी, अंग्रेजी के हो र छात्रहरुको उक्त वर्षको प्रवेशिका परीक्षामा हाजिर हुने संख्या कति छ।

( ख ) श्रीडाइरेक्टर जनरल अब पब्लिक इन्स्ट्रक्शनका आदेश यस आफिसले पाएअनुसार तपाईं नेपाल राज्यभरका हाइस्कूलहरुका प्रधान अध्यापक, अध्यापिकाहरुले आफ्ना आफ्ना स्कूलको छात्रबारे माथिको "क" मा लेखिएको विवरण सदर र पहाडकाले ज्येष्ठ १५ गतेभित्र र तराई, मधेशकाले चैत्र मसान्तभित्र, अर्को सूचना प्रकाश नभएसम्म ती विवरणहरू पठाउनलाई सूचना गर्नू भन्ने भएअनुसार सूचना गरेको छु।

परीक्षानियन्त्रक

---

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।